
पक्ष न विपक्ष सधैं निष्पक्ष पत्रकारिता

# सिद्धटोपी खबर
साप्ताहिक

SIDDATOPI khabar weekly
WWW.SIDDATOPIKHABAR.COM




वर्ष-३ अंक-०२ | २०८० साल साउन १४ गते आईतवार | SUN 30 JUL 2023 | Siddatopi Khabar Weekly | मूल्य रु.१०

## 'लम्पी स्किन' रोगको सङ्क्रमणबाट दार्चुलाका किसानहरूका गोठहरू रित्तिन थाले

सिद्धटोपी खबर
*दार्चुला, साउन ०८ गते ।*

'लम्पी स्किन' रोगको सङ्क्रमणबाट दार्चुलाका किसानहरुका गोठहरु रितिन थालेका छन । जिल्लाका नौ वटै स्थानिय तहमा हालसम्म १ हजार १ सय ६९ पशुचौपाया मरेको भेटेनरी अस्पताल तथा पशुसेवा बिज्ञकेन्द्र दार्चुलाले जनाएको छ ।

३३ हजार ३ सय ३० पशुचौपायामा लम्पी स्किनको सङ्क्रमण पुष्टि भएको तथा १ सय ४३ बाछ्राबाछ्री, ३ सय ७८ गाई, ६ सय २२ गोरु र २६ भैंसी मरेको भेटेनरी अस्पताल तथा पशुसेवा बिज्ञकेन्द्र दार्चुलाका कार्यालय प्रमुख राम बहादुर खडकाले जानकारी दिए । त्यस्तै ४ हजार ९ सय ५१ बाछ्राबाछ्री ,१४ हजार २ सय ९५ गाई, १३ हजार ७ सय ५ गोरु र ३ सय उनान्सत्तरी भैंसी संक्रमित भएका छन । लम्पी स्किनबाट बिशेष गरि गोरु साना बाच्छाबाच्छी, गाई, र भैंसीमा बढी देखापरेको कार्यालयले जनाएको छ। लम्पी स्किनबाट धमाधम पशुचौपाया मर्न थालेपछि गोठनै रित्तिनेपो होकि भन्ने डरले दार्चुलाका किसान चिन्तित बनेका छन्। 'रोग निकै फैलिएको छ, पशु चौपायाले समयमै उपचार पाएको छैन गाउँमा अहिले सम्म कुनै पनि पशु प्राविधिक आएका छैनन किसानहरुले गुनासो गरेका छन ।

भेटेरेनरी अस्पताल दार्चुलाका पशु बिकास अधिकृत डिगम्बर जोशीका अनुसार झिँगा, भुसुना, लामखुट्टे विभिन्न कीराको टोकाइबाट फैलिने यस रोगको सङ्क्रमणले पशुमा ज्वोरो आउने, फोका निस्कने, गाँठागुठी आउने, पशु बस्तुलाई कमजोर बनाउने लक्षण रहेका छन ।

यो रोगको खोप नै छैन जथाभावी खोप लगाउदा झन संक्रमित हुने सम्भावना रहेकोले सङ्क्रमण फैलिन नदिन गोठ वरिपरी सफा गर्ने, जैविक सुरक्षामा ध्यान दिने, संक्रमित पशुलाई अन्य पशुसँग नराख्ने, चरनमा नलैजानु पर्ने यी सुरक्षा अपनायो भने केही नियन्त्रण हुन सक्ने भेटेरेनरी अस्पताल दार्चुलाका पशु बिकास अधिकृत डिगम्बर जोशीले बताए ।

## महाकाली नदी किनार क्षेत्रमा बालिकाको शव फेला

सिद्धटोपी खबर
*दार्चुला, साउन १० गते ।*

एक बालिकाको बेवारीसे शव फेला परेको छ । जिल्लाको व्यासँ गाउपालिका ४ डोकटको सुनकोट महाकाली नदी किनार क्षेत्रमा बालिकाको शव फेला परेको जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी निरीक्षक एवम सुचना अधिकारी ज्ञानेन्द्र बहादुर सिंहले जानकारी दिए ।अन्दाजी १५ वर्षकी बालिका सढेको अवस्थामा मंगलबार फेला परेको उनले बताए । बालिकाको शवलाई भारतीय नागरीकले देखेपछि नेपाल प्रहरीलाई खवर गरेको बताइएको छ । घटनाको बारेमा थप अनुसन्धान गर्न अहिले सुन्सेरा प्रहरी चौकी तथा इलाका प्रहरी कार्यालय हुतीबाट प्रहरी साहयक निरीक्षक लोकेन्द्र सिह कार्कीको टोली घटनास्थलमा गएको जिल्ला प्रहरी कार्यालय दार्चुलाले जनाएको छ ।

शवको पहिचान गर्ने प्रयास भए पनि शव कुहिएकाले समस्या भएको प्रहरीको भनाइ छ।  घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यलय दार्चुलाले जनाएको छ। शव पोष्टमार्टम गरिएर फालिएको अवस्थामा भेट्टिएको प्रहरीले जनाएको छ ।

आफ्नो नगर आफै सफा राख्ने बानीको विकास गरौं ।

महाकाली नगरपालिकाद्वारा
जनहितका लागि जारी सन्देश

# ब्याँसमा उत्पादित आलु गाउँलेलाई वितरण गर्नु बाहेकको अन्य बिकल्प नरहेकोः अध्यक्ष धामी

*सिद्धटोपी खबर*
*दार्चुला साउन ०९ ।*

जिल्लाको ब्याँस गाउँपालिकामा उत्पादन गरिएको आलु गाउँलेहरुलाई बितरण गर्नु बाहेकको अन्य कुनै बिकल्प नरहेको ब्याँस गाउँपालिका अध्यक्ष मंगलसिह धामीले वताउनु भएको छ। मंगलबार जिल्ला सदरमुकाम खलंगामा पत्रकार सम्मेलनको आयोजना गरी गाउँपालिका अध्यक्षले धामीले दार्चुला टिंकर सडक ठाउँ ठाउँमा अवरुद्ध भएको र आफ्नो गाउँपालिकामा उत्पादन गरिएको आलु बजार सम्म ल्याउन सडक बाटो नभएका कारण गाउँलेहरुलाई आलु बितरण गर्नु बाहेक अन्य कुनै बिकल्प नरहेको वताउनु भएको हो ।

गाउँपालिका सँग कोल्ड स्टोर नभएको भन्दै अध्यक्ष धामीले आलु कुहिएर खेर जानु भन्दा गाउँलेलाई बितरण गर्नु उपयुक्त रहेको वताए । ब्याँस गाउँपालिकालाई सदरमुकाम खलंगासम्म जोड्ने एकमात्र सडक दार्चुला-टिंकर सडक बन्द हुँदा किसानले उत्पादन गरेका कृषिजन्य उत्पादन खेतबारीमै कुहिन थालेको छ । वर्षातको समय सुरु भएसंगै दार्चुला-टिंकर सडक खण्डको विभिन्न ठाउँमा पहिरो खस्दा सडक बन्द भएको हो ।

सडक बन्द भएपछि ढुवानी गर्न नसकिएर ब्याँस गाउँपालिकाका विभिन्न वडाहरुका किसानले व्यक्तिगत तथा समूहमार्फत उत्पादन गरेका कृषि उपजहरु खेतबारीमै कुहिन थालेको जनभावना साना किसान कृषि सहकारी संस्था लिमिटेडका अध्यक्ष अकवर सिह धामीले बताए । गाउँपालिकाको कृषि विकास शाखाको आर्थिक तथा प्राविधिक सहयोगमा उत्पादन गरिएका कृषि उत्पादनहरु खेतबारीमा कुहिन थालेपछि किसानहरु चिन्तित भएका छन् । सरकारले उत्पादनमा मात्रै लगानी गरेर नहुने भन्दै उत्पादित कृषि उपजहरुको ढुवानीमा समेत सहयोग गर्नुपर्ने ब्याँसका कृषकहरुले बताएका छन् । जनभावना साना किसान कृषि सहकारी संस्था लिमिटेडले विभिन्न कलस्टरमा उत्पादन गरेको आलु खेतबारीमै कुहिन थालेको पत्रकार सम्मेलनमा व्याँस गाउँपालिका कृषि शाखाका प्रमुख विशेश्वर प्रसाद बडूले बताए । गाउँपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा किसानहरुले उत्पादन गरेको ६ सय क्वीन्टल आलु खेतबारीमा कुहिन थालेको उनले बताए ।

'बाटोघाटो बन्द छ, ढुवानी गर्न नसकिदा किसानले उत्पादन गरेको कृषि उपज कुहिदा दु:ख लाग्यो, कृषि शाखा प्रमुख बडूले भने ।' १ सय क्विन्टल आलु खेतबाट निकालेको तथा ५ सय क्विन्टल आलु खेतबारीबाट निकाल्न बाँकी रहेको पत्रकार सम्मेलनमा शाखा प्रमुख बडूले जानकारी दिए । 'नेपाल कृषि प्रधान देश हो भन्छन् जहाँ सबैभन्दा बढी बजेट कृषि क्षेत्रमा छुट्याइएको हुन्छ, न सडक छ, न त कोल्ड स्टोर नै, व्याँसका किसानले उत्पादन गरेको कृषि उपज दिनप्रति दिन खेतबारीमै कुहिदै गएको छ, कृषक एवम सहकारीका अध्यक्ष अकबर सिह धामीले भने ।' सडक बन्द हुँदा किसानले उत्पादन गरेका कृषि उपज ढुवानी गर्न त पाएका छैनन्, कोल्ड स्टोर नहुँदा भण्डारण गर्न पनि पाएका छैनन् ।

सरकारले अन्य बिलासिताका वस्तुहरुमा ठुलो रकम खर्च गर्नु भन्दा कृषकका उत्पादन भण्डारण गर्न कोल्ड स्टोर जस्ता संरचनाहरुमा लगानी गर्न सके किसानलाई राहत हुने कृषक अगुवाहरु बताउँछन् ।

कृषि उत्पादनको बजारीकरणमा कृषि ज्ञान केन्द्र दार्चुलाले सहयोग गर्ने भने पनि सडक अवरुद्ध हुँदा कृषि उपज ब्याँसमै कुहिन थालेको छ । सडक संचालनका बिषयमा दार्चुला टिंकर सडकले असार २५ गते नै स्थानिय सरकारहरुलाई आ आफ्नो क्षेत्राधिकार भित्रको सडक अवरुद्ध भए संचालनमा सहयोग गर्न भनी पत्राचार भईसकेको जनाएको छ ।

ठेक्का सम्झौता भई काम चलिरहेको ठाउँमा सडक अवरुद्ध भए सम्वन्धित ठेकेदार कम्पनिले र बाकी क्षेत्रमा स्थानिय सरकारको क्षेत्राधिकार भित्रको सडकमा स्थानिय सरकारले नै सडक संचालन गर्नु पर्ने दार्चुला टिंकर सडक आयोजनाले जनाएको छ । दुहुँ गाउँपालिका वडा नम्वर ३ को तिमुरपाटा क्षेत्र र ५ को गरमोरा क्षेत्रमा माथिबाट पहिरो खसी सडक अवरुद्ध भएको छ । त्यस्तै ब्याँस गाउँपालिकाको वडा नम्वर ६ तङलेभिरमा माथिबाटको पहिरोका कारण सडक अवरुद्ध रहेको छ । यि क्षेत्रको अवरुद्ध सडक संचालनमा आए ब्याँसमा उत्पादन भएको आलु सहजै सदरमुकाम खलंगा आउने छ ।

बासी सडेगलेका खानेकुराहरु नखाऔं, स्वस्थ र निरोगी बनौं ।

ब्याँस गाउँपालिका स्वास्थ्य शाखा सुन्सेरा दार्चुला

# शैल्यशिखरमा जगन्नाथ कृषि समूहमा हालिएको १० लाख हिनामिना, उजुरी परेपछि सामान खरिद गर्न दवाब दिईद

सिद्धटोपी खबर
*दार्चुला, साउन १४ गते ।*

गत आर्थिक वर्ष २०७९/८० मा शैल्यशिखर नगरपालिका-५ को जगन्नाथ कृषि समूहका लागि विनियोजित गरिएको १० लाख बजेट हिनामिना भएको स्थानियले आरोप लागेको छ।

नगरपालिकाबाट विनियोजित १० लाख बजेटले कुनै कार्यक्रम, योजना नै संचालन नभएको स्थानीयहरुले बताएका छन्। गत वर्ष उक्त बजेट व्यवस्थापन तथा सामग्री खरिदका लागि भनेर विनियोजन गरिएको नगरपालिकाले जनाएको छ। स्रोतका अनुसार त्यो १० लाख रकम जनप्रतिनिधिहरुको मिलेमतोमा हिनामिना भएको वताईएको छ। जनप्रतिनिधिहरुले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा गत वर्ष कात्तिक १८ गते दार्चुला सदरमुकाम खलंगामा आयोजना गरिएको एमालेको चुनावी आमसभामा सहभागी हुन गाडी व्यवस्थापनका लागि खर्च मागिएको तथा उक्त खर्च व्यहोर्न नगरपालिकाबाट बजेट विनियोजन गरिएको बुझिएको छ। त्यो चुनावी आमसभाका लागि समुहमा आएको सबै रकम बुझाएको कुरा जगन्नाथ कृषि समूहका जिम्मेवार पदाधिकारीले सिद्धटोपी अनलाईन खबरलाई जानकारी दिए।

नेकपा एमालेका कार्यकर्ता पुष्कर सिह डाँगा र शैल्यशिखर नगरपालिका वडा नम्वर ५ का वडा अध्यक्ष जनक सिह डाँगाले आफुबाट समुहको कागजपत्र मागेको र नक्कली बिल बनाएर पालिका पेश गरि भुक्तानी गरेको उनको भनाई छ। समुहको खातामा आएको रकम ९ लाख ८० हजार रुपैयाँ वडा अध्यक्ष र एमाले कार्यकर्तालाई वुझाएको उनले स्विकारेका छन। यस बिषयमा स्थानियले जिल्ला प्रशासन कार्यालयमा दिएको निवेदन र मिडियाले गरेको फ्लोअफका कारण वडा अध्यक्ष लगायत नेकपा एमालेका पाटी प्रतिनिधि बसेर समुहलाई उक्त रकम फिर्ता गर्ने र तुरुन्त समुहलाई आवश्यक सामग्री खरिद गर्न दबाव आएको बुझिएको छ। यस बिषयमा शैल्यशिखर नगरपालिकाको कृषि शाखा भने आफु बच्न बिभिन्न कारण देखाईरहेको छ।

समुहलाई अनुदान उपलब्ध गराएको भन्दै आवश्यक बिलहरु पेश गरेका कारण भुक्तानी भएको जनाएको छ। सरकारी रकम खातामा हालेर हिनामिना गरेको भन्दै त्यहाँका स्थानीयले यो विषयमा प्रशासनमा उजुरीसमेत गरेका छन्। उजुरीका बिषयमा प्रशासनले ७ दिनभित्र त्यो सम्बन्धी सबै कागजात, बील भौचर र बैंक स्टेटमेन्ट झिकाइएको वताएका छ।

# बैतडीकी मनकारी उपमेयर चन्दः आफ्नो तलबभत्ता गरिब तथा जेहेन्दार छात्रा छात्रलाई सहयोग गर्ने

सिद्धटोपी खबर
*बैतडी, साउन १० गते ।*

जनताको सेवाका लागि दिनरात खटिरहने बैतडीकी एक उपमेयरले आफ्नो लागि आएको तलब भत्ता गरिब तथा जेहेन्दार छात्रा छात्रलाई प्राविधिक शिक्षा पढ्न सहयोग गर्ने बताएकी छिन्।

जिल्लाको जेठो नगरपालिकाको रुपमा रहेको दशरथचन्द नगरपालिकाकी उपमेयर कौशीला चन्दले आफ्नो तलबभत्ता २२ जना गरिब तथा जेहेन्दार छात्रा छात्रलाई प्राविधिक शिक्षा पढ्न सहयोग गर्ने बताएकी हुन्। नगरपालिकाबाट मासिक रुपमा प्राप्त हुने रकम आफुले जम्मा गरेर पालिका भित्रका २२ जना छात्रा/छात्रहरुलाई बार्षिक ५० हजारका दरले सहयोग गर्ने उनको भनाई छ। नगरपालिकाको उपमेयरमा निर्वाचित भएको एक बर्षमा आफूले प्राप्त गरेको पारिश्रमिकबाट प्राविधिक शिक्षा पढ्न चाहने दलित र विपन्न वर्गका विद्यार्थीलाई सहयोग गर्ने उपमेयर चन्दले बताईन्। प्राविधिक शिक्षा पढ्ने विद्यार्थीलाई सो रकम प्रदान गरिने उनको भनाई छ। उपमेयर चन्दले नगरपालिकाबाट कुनै सेवा सुबिधा लिएकी छैनन्। उनी आफ्नै निजी गाडी चढ्ने गरेकी छन्। राजनितीमा आउनु पुर्व उपमेयर चन्दलाई लामो समयको शिक्षण अनुभव पनि छ। जनताहरुको सेवाको लागि राजनितीमा आएको र आफु नेता नभई समाजसेबी भएको उनी बताउछिन्। उपमेयर चन्द नेपाली काँग्रेसबाट भएकी हुन्।

# दार्चुलामा कार्यरत सशस्त्र प्रहरी जवान प्रदिप जागिरबाट निलम्बित

सिद्धटोपी खबर
*दार्चुला, साउन १३ गते ।*

शनिबारको दिन साँझ पुनर्वास नगरपालिका-१० दोदा पुलबाट एक सशस्त्र प्रहरीका जवान समातिएका थिए। नेपाल प्रहरीको सुदूरपश्चिम प्रदेश अनुसन्धान समूह (आरआइटी) ले उनीसहित २ जनालाई पक्राउ गरेको थियो।

पक्राउ पर्नेमा कैलालीको धनगढी उपमहानगरपालिका-३ का २८ वर्षीय प्रदिप पाखीन र सोही ठाउँका ३२ वर्षीय विकल मगर रहेका थिए। प्रदिप दार्चुलाको दत्तुस्थित सशस्त्रको बिओपीमा कार्यरत सशस्त्र प्रहरी जवान रहेको खुलेको थियो। अहिले प्रहरीले उनीहरुलाई नियन्त्रणमा लिएर थप प्रक्रिया अगाडि बढाएको छ। उनीहरु सवार सुपप्र ०२००३ प ६४३१ नम्बरको मोटरसाइकल चेकजाँच गर्दा १.२ ग्राम लागुऔषध (ब्राउनसुगर) फेला परेको थियो। प्रहरी नै यसरी लागुऔषध मुद्दामा समातिएपछि उनको जागिर जाने भएको छ।

यता, सशस्त्र प्रहरीको नम्बर ७ वैद्यनाथ बाहिनी (सुदूरपश्चिमको मुख्यालय) का डिआईजी कुमार न्यौपानेले निज जवान बिदामा घर (धनगढी) आएका बेला पक्राउ परेको जानकारी दिए। उनका अनुसार उनी पक्राउ परेलगत्तै स्वत: निलम्बित भैसकेका छन्। तर अदालतले सो मुद्दामा सफाइ दिएको अवस्थामा भने निलम्बन फुकुवा हुनसक्ने उनको भनाइ छ।

# बैतडीमा वडाध्यक्षको कर्तुतः आफ्नै नाममा क्लिनिक, औषधि बेच्ने श्रीमती,

सिद्धटोपी खबर,
*बैतडी, साउन १४ गत ।*

बैतडीको एक गाउँपालिका वडा अध्यक्षको क्लिनिकमा श्रीमती औषधि विक्री गर्ने गरेको पाईएको छ। जिल्लाको सिगास गाउँपालिका वडा नम्बर ६ का वडा अध्यक्ष तेजबहादुर साउँदको नाममा दर्ता भएको किलनिक श्रीमतीले औषधि विक्री गरेकी हुन्। श्रीमान वडा अध्यक्षमा निर्वाचीत भएपछि किराना पसलसंगै रहेको औषधि पसल पनि श्रीमती तुलसी साउँदले चलाउने गरेको स्रोतले बताएको छन्। हेमन्त मेडिकल सिगास ६ थालाकाँडा, मौरिवगड नामबाट सञ्चालीत औषधि पसल वडा अध्यक्ष साउँदको नाममा दर्ता भेटीएको छ।

अध्यक्ष साउँदकी श्रीमतीले बिरामीलाई औषधि विक्री वितरण गरेर यहाँ जनताको स्वास्थ्य माथि खेलबाड गरेको एक स्थानीयले गुनासो गरे। उनले भने, पेट दुखे, ज्वरोको औषधि विक्री गर्छिन् जे पसलमा औषधि छ त्यही दिन्छन्, वडा अध्यक्षको किलनिकमा श्रीमती औषधि विक्रेता भएकी छन्। उनको फेसबुक लगायतका समाजीक सञ्चालन पनि हेर्नु फोटो भिडीयो औषधि पसलकै छन्। उनले थपे, 'जनताको स्वास्थ्य माथि वडा अध्यक्षले नै खेलवाड गरिरहेका छन्। यो बन्द हुनु पर्छ। स्थानीयले थालाकाँडा स्वास्थ्य चौकीलाई चक्लेट बिक्री गरे जसरी औषधि विक्री भईरहेको जानकारी गरहेको स्वास्थ्य चौकी इन्चार्ज दिपेन्द्र रोकायाले बताए। वडा अध्यक्ष साउँदलाई सोधपुक्ष गरेको र श्रीमतीले किराना पसल चलाउने तथा म खाली भएको दिन औषधि पसल खोल्ने प्रक्रिया दिएको इन्चार्ज रोकायाले बताए। यता सिगास गाउँपालिकाकै वडा नम्बर ५ का वडा अध्यक्ष राजेन्द्र चन्दको पनि किलनिक थियो। उनले निर्वाचीत भएपछि किलनिक बन्द गरेको स्वास्थ्यकर्मीले बताए।

तर वडा नम्बर ५ मा २०५५ सालबाट निर्वतमान प्रधानाध्यपक मिनबहादुर चन्दले मिडिकल सञ्चालन गरेका छन्। औषधि विभागमा दर्ता गरेर आफुले २०५५ बाट नै मेडिकल सञ्चालन गरेर ढुंगाडका जनतालाई सेवा दिइरहेको उनले दाबी गरे। केही महिना अगाडी आफु अवकास भएको र छोराले मिडीकल सञ्चालन गरेको बताए। उनले आफु बुवा–छोरा नै एचए पास रहेको बताए। उनले गाउँपालिकाले दर्ताबारे केही जानकारी नगराएकाले आफुले पालिकामा दर्ता नगरेको बताए। तर आफुले स्थानीय लेखा नम्बर लिएर दिनेश मिडिकल सञ्चालन गरिरहेको बताए। दिनेश मिडिकलले पनि अबैध औषधि विक्री गरिरहेको स्थानीयको आरोप छ। जनस्वास्थ्य सेवा नियमावली २०७७ को मापदण्ड पूरा गरे नगरेको निरीक्षण गरेर सोही नियमावली अनुसार इजाजतपत्र दिएपछि मात्रै बैध हुन्छ अन्यथा अबैध यो किलनिकै अबैध हुने स्वास्थ्य कार्यालय बैतडीका प्रमुख योगेश भट्टले बताए। उनले, अनअधिकृत रूपमा बिक्री वितरण गरेमा सार्वजनिक कसुर अनुसार कारवाहि हुन्छ। औसधि बिक्रीवितरण गर्न फार्मेसी पढेको ब्यक्ति चाहिन्छ यो अबैध नै हो।

**के भन्छन् वडा अध्यक्ष साउँद ?**

सिगास गाउँपालिका वडा नम्बर ६ का वडा अध्यक्ष तेजबहादुर साउँदले आफुले सञ्चालन गरेको किलनिक वैधानीक रहेका दाबी गरे। उनले निवार्चीत हुनु भन्दा पहिले आफुले किलनिकबाट जनतालाई सेवा दिएरको र अहिले वडा अध्यक्ष भएपछि शनिबार कहिले काही खोल्ने गरेको बताए। उनले भने, रिसीवीले केही मान्छे विरोध गरेर श्रीमतीले सञ्चालन गर्यो भन्दै छन् त्यसो हैन्। त्यही किराना पसल पनि छ। त्यसैले श्रीमती त्यहाँ हुन्छ। वडा अध्यक्ष साउँदले थपे, मलाई धेरै साथीहरुले बन्द गर्नुस भनने सल्लाह दिएका छन् बन्द गर्ने तयारीमा छु। अहिले यता उता नगरिदिनुस।, पछिल्लो ८ बर्षबाट स्वास्थ्य सेवामा लागेका वडा अध्यक्ष साउँद सिएमए पास हुन्। उनले किलनिक सञ्चालन गर्न त पाउछन्। तर औषधि बिक्री गर्न नपाउने एक स्वास्थ्यकर्मीले बताए। किलनिकबाट औषधि लेख्ने परामर्स दिने र फार्मेसीबाट औषधि किन्ने हो। तर यहाँका अधिकाश किलनिकले औषधि चर्को मुल्यमा विक्री गर्ने गरेका स्वास्थ्यकर्मिले बताए। धनगढी खबर


बासी सडेगलेका खानेकुराहरु नखाऔं, स्वस्थ र निरोगी बनौं।

जिल्ला स्वास्थ्य कार्यालय दार्चुला

# नेपालमा बारी बाँझै, भारतबाट एकाउन्न करोडको कोदो आयात

सिद्धटोपी खबर
*काठमाडौं, साउन १० गते ।*

मुलुकको पूर्वी पहाडी जिल्लामा कुनै बेला पर्याप्त मात्रामा उत्पादन हुने कोदो पछिल्लो समय भारतबाट आयात गर्ने गरिएको छ। युवा वैदेशिक रोजगारीमा जाने गरेका कारण गाउँमा खेत बाँझै छन्। यस्तोमा कोदोमा पनि हामी भारतमाथी नै निर्भर हुनुपर्ने अवस्था आएको हो। आर्थिक वर्ष २०७९(८० मा पूर्वीनाका काँकडभिट्टा भएर रु ५१ करोड ३१ लाख २० हजार बराबरको कोदो भारतबाट आयात भएको तथ्याङ्क छ।

काँकडभिट्टा प्लान्ट क्वारेन्टिन कार्यालयका सूचना अधिकारी चन्द्रकिशोर ठाकुरका अनुसार सो अवधिमा १६ हजार ३५ मेट्रिक टन कोदो आयात गरिएको छ। यसैगरी गाउँघरमा फालाफाल उत्पादन हुने फर्सी नबिकेर किसानले गाईभैंसीलाई खोले पकाएर खुवाउने गरेको अवस्थामा त्यही फर्सी भारतबाट ठूलो मात्रामा आयात हुने गरेको छ। सूचना अधिकारी ठाकुरका अनुसार आर्थिक वर्ष २०७९/८० मा भारतबाट रु सात करोड ५७ लाख २८ हजार मूल्यको चार हजार सात सय ३३ मेट्रिक टन फर्सी आयात गरिएको छ। कोदो र फर्सीमात्र होइन फापर, खुर्सानी, घिरौला, लौका, करेला, तरुल, भिन्डी, सिमीलगायतका वस्तु भारतबाट आयात गर्ने गरिएको छ। गत आवमा रु १९ करोड ८३ लाखको १२ हजार तीन सय ९९ मेट्रिक टन हरियो खुर्सानी पूर्वीनाका हुँदै भारतबाट भित्रिएको छ। सोही अवधिमा रु ३१ करोड ९८ लाख बराबरको १९ हजार नौ सय ८८ मेट्रिक टन करेला, रु १८ करोड ७४ लाख ७२ हजारको ११ हजार सात सय १७ मेट्रिक टन भिन्डी र रु आठ करोड ९६ लाख ८० हजार बराबरको पाँच हजार छ सय पाँच मेट्रिक टन सिमी भारतबाट आयात गरिएको ठाकुरले जानकारी दिए।

पूर्वीनाकाबाट सोही अवधिमा रु ८० करोड ९९ लाख ८४ हजारको २५ हजार तीन सय १२ मेट्रिक टन प्याज, रु ६० करोड ८१ लाख ६० हजार बराबरको ३८ हजार १० मेट्रिक टन गोलभैँडा, रु दुई करोड ७१ लाख ५२ हजारको एक हजार छ सय ९७ मेट्रिक टन घिरौला, रु चार करोड ९८ लाखको तीन हजार एक सय १३ मेट्रिक टन लौका, रु तीन करोड १० लाख बराबरको एक हजार नौ सय ३८ मेट्रिक टन तरुल र रु तीन करोड ४० लाख ९६ हजारको दुई हजार एक सय ३१ मेट्रिक टन सुठुनी भारतबाट आयात गरिएको तथ्याङ्क छ। सूचना अधिकारी ठाकुरका अनुसार गत आवमा रु ४४ लाख ८० हजारको एक सय १२ मेट्रिक टन फापर, रु छ करोड ६६ लाख ६६ हजार बराबरको दुई हजार ८३ मेट्रिक टन अम्बक र रु ३४ लाखको पानको पात भारतबाट आयात भएको छ। कार्यालयका अनुसार सोही अवधिमा रु १७ करोड ३१ लाख २० हजारको चार हजार तीन सय २८ मेट्रिक टन चामल र रु १७ करोड २८ लाख २४ हजार बराबरको सात हजार दुई सय एक मेट्रिक टन तरबुजा समेत भारतबाट आयात गरिएको छ।

पूर्वीनाका काँकडभिट्टाबाट गत आवमा रु छ अर्ब २९ करोड ९१ लाख ४९ हजारको तरकारी र फलफूल आयात गरिएको छ। रु तीन अर्ब ३५ करोड नौ लाख ८१ हजारको ताजा तरकारी र रु दुई अर्ब ९४ करोड ८१ लाख ६८ हजारको फलफूल आयात गरिएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ। भारतबाट आयातित तरकारीका कारण स्वदेशमा किसानले उत्पादन गर्दै आएको तरकारी बाली बजारमा बिक्री नभएको मेचीनगरको महालक्ष्मी कृषि सहकारी संस्थाका संस्थापक अध्यक्ष दुर्गा खतिवडाले बताए। संस्थाले जग्गा भाडामा लिएर सञ्चालन गरेको कृषि फार्ममा उत्पादन भएको भिन्डीले उचित बजारभाउ नपाएपछि घाटा सहेर अतिकम मूल्यमा बिचौलियालाई बेच्नुपरेको उनको भनाइ छ। इलाम नगरपालिका-१२ की तुलसा रायाले करिब एक ट्रक फर्सी बिक्री नभएपछि गाईवस्तुलाई खोले खुवाएको बताए। रासस

# एक पुरूषमा कालाजार देखियो

सिद्धटोपी खबर
दार्चुला, *साउन १४ गते ।*

एक पुरुषमा कालाजार देखिएको छ । आइतवार उपचारका लागि आएका शैल्यशिखर नगरपालिका-९ नायलका ५० वर्षीय पुरुषमा कालाजार देखिएको हो । गोकुलेश्वर अस्पतालमा उपचारका लागि आएका पुरुषलाई थप उपचारका लागि जिल्ला अस्पताल दार्चुलामा पठाएको गोकुलेश्वर अस्पताललले जनाएको छ ।

जिल्ला अस्पताल दार्चुलाका सूचना अधिकारी राजेश भट्टका अनुसार गएको फागुनमा पनि ती पुरुषलाई कालाजार देखिएको थियो । त्यसपछि उपचारका लागि धनगढी पठाएपछि निको भएका उनमा अहिले फेरि कालाजार देखिएको बताए । ती पुरुषलाई थप उपचारका लागि भोलि सोमवारसम्म सुविधा सम्पन्न अस्पतालमा पठाउने तयारी भएको उनले जानकारी दिए ।

कालाजार ‘स्यान्ड फ्लाई’ नामको भुसुनाको टोकाइका कारण लाग्ने गर्दछ ।


बासी सडेगलेका खानेकुराहरु
नखाऔं, स्वस्थ र निरोगी बनौं ॥

दुहुँ गाउँपालिका स्वास्थ्य शाखा हिकिला दार्चुला



आफ्नो नगर आफै सफा राख्ने बानीको
विकास गरौं ।

महाकाली नगरपालिकाद्धारा जनहितका लागि जारी सन्देश


## दार्चुला जिल्लाका अत्यावश्यक फोन नम्बरहरु

- जिल्ला प्रशासन कार्यालय : ०९३-४२०१३३/४२०२१४
- जिल्ला प्रहरी कार्यालय : ०९३-४२०१९९/४२०२५०
- जिल्ला अस्पताल दार्चुला : ०९३-४२०१८८
- रेडियो दार्चुला एफ एम : ०९३-४२०३२१/४२०३९७
- मानसरोवर केवुल टिभी : ०९३-४२०२७१
- जिल्ला भू-संरक्षण : ०९३-४२०१३४
- जिल्ला समन्वय समिति : ०९३-४१००४४
- नेपाल टेलिकम : ०९३-४२०१०८,४२०१११
- शिक्षा विकास तथा समन्वय ईकाइ : ०९३-४२०१३५
- कृषि ज्ञान केन्द्र : ०९३-४२०४४७
- निर्माण व्यवसायी संघ : ०९३-४२००४९
- जिल्ला मालपोत कार्यालय : ०९३-४२०१०३
- ग्लोबल आईएमइ बैंक : ०९३-४२०३८३/४२०१०२
- नेपाल विद्युत प्राधिकरण : ०९३-४२०१३२
- जिल्ला निर्वाचन कार्यालय : ०९३-४२०२२१/४२०३७७
- दार्चुला जिल्ला अदालत : ०९३-४२०१४०
- डिभिजन वन कार्यालय : ०९३-४२०१४५
- दार्चुला उद्योग वाणिज्य संघ : ०९३-४२०१६८
- राष्ट्रिय वाणिज्य बैंक : ०९३-४२०२६०
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र दार्चुला : ०९३-४२०११४
- महाकाली नगरपालिका : ०९३-४२०१३७
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र : ०९३-४२०१०४
- अपिनाम्पा संरक्षण क्षेत्र कार्यालय : ०९३-४२०४९७
- गुरुगोरख गुल्म दार्चुला : ०९३-४२०२००
- ईलाका प्रहरी कार्यालय गोकुलेश्वर : ०९३-४०००५५
- महाकाली सेती यातायात व्यवसायी समिति : ०९३-४२०२८२
- सिआरडिएस नेपाल : ०९३-४२००६१
- कृषि विकास बैंक : ०९३-४२०१६६
- सशस्त्र प्रहरी सीमा सुरक्षा गण : ०९३-४२०१००
- खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय : ०९३-४२०१५०
- कोलेनिका कार्यालय : ०९३-४२०१७७
- सेवक नेपाल सेफ वास-2 : ०९३-२४०३८८
- सनराइज बैंक दार्चुला : ०९३-४२०१२३
- सुआहारा दार्चुला : ०९३-४२०२६६
- नेपाल बङ्लादेश बैंक दार्चुला : ०९३-४२०२४२
- शिक्षाका लागि खाद्य कार्यक्रम ईकाइ दार्चुला : ०९३-४२०२८६
- जिल्ला सरकारी वकिल कार्यालय दार्चुला : ०९३-४२०१३१
- मानसरोवर राष्ट्रिय दैनिक : ०९३-४२०३९७
- ब्याँसी सौका समाज दार्चुला : ०९३-४२०२६२
- राजाकोठ युवा क्लव दार्चुला : ०९३-४२००२२
- जिल्ला हुलाक कार्यालय दार्चुला : ०९३-४२०१२०
- गोकुलेश्वर अस्पताल गोकुलेश्वर दार्चुला : ०९३-४०००८८
- घरेलु तथा साना उद्योग विकास समिति दार्चुला : ०९३-४२०१२१

## कला साहित्य

दिपक खाती

*गजल*

### *कहिले खुल्छ चीन, तिब्बत संग जोडिएको तिङकर नाका भनिदेउ सरकार*

कहिले खुल्छ चीन,तिब्बत संग जोडिएको तिङकर नाका भनिदेउ सरकार
धेरै गर्यौ पहल प्रयास अब नाका खुल्ने निश्चित भाका भनिदेउ सरकार ।
निभेको चुलोमा आगो बाल्न झुट्टा आश र आश्वासनले पुग्दैन अब
बर्षौ पुरानो ब्याँस,तिब्बत ब्यापार पुनःसुचारु गर्ने खाका भनिदेउ सरकार ।
दुखलाग्छ छिमेकी हुम्लाको हिल्सा नाकाबाट पनि जान मिल्दैन
हुम्लाबासी र ब्याँसी एकै होइनन र ? किन गर्छौ काखापाखा भनिदेउ सरकार ।
बेदनाको पोका लिएर सिङ्गो ब्याँसबासी बालुवाटारको दैलोमा पुग्दापनि
सामरिक,त्रीदेशिय सिमानाकामा किन पुग्दैन्न तिम्रा आँखा भनिदेउ सरकार ।

## धर्म संस्कृति

### १२ बर्षमा हुने राप्लाबासी शौका समुदायको बिषालु घास सितको लडाई किर्जे पर्व

दिपक खाती, दार्चुला । लिम्पियाधुरा बाट बग्ने पवित्र गंगा महाकालीको छालमा,बाहैं महिना हिउँ टल्किने, अपि नाम्पा र जेठिबहुरानी हिमालको काखमा रहेको छ दार्चुलाको ब्याँस गाउँपालिका !

ब्याँस को परिचय भन्दा त्रीदेशिय सिमानाकामा रहेको,ब्याँस ऋषिको तपोभुमि,सामरिक महत्त्व बोकेको,हिन्दुधर्मावल्बीको प्रवित्र धार्मिक तिर्थस्थल कैलाश मानशरोवरको प्रवेशद्वार,बहुमुल्य जडिबुटीको खानी जस्ता शब्दको प्रयोग नगर्दा ब्याँसको परिचय पुर्ण हुँदैन !भौगोलिक रुपमा विकट रहेपनी प्राकृतिक सांस्कृतिक,पर्यटनका दृस्ठिकोणले अथाह सम्भावना बोकेको,लसुन देखि सुन फल्ने पाखाले भरिपुर्ण र विभिन्न कला,संस्कृती,भेषभुसा, विभिन्न जातजातिको बसोबास भएको गाउँपालिका हो ब्याँस !

फरकफरक कला संस्कृती,परम्पराले ब्याँसको छुट्टै पहिचान बनेको छ ! नेपालमै छुट्टै पहिचान,रहनसहन र सांस्कृतिक पहिचान भएको शौका समुदायको बसोबास समेत रहेको ब्याँसमा भिन्न जातजातिका भिन्न संस्कृति रहेको छ ! शौका समुदायको मुख्य बसोबास ब्यासको वडा नम्बर १ छाङरु,तिङकर र वडा नम्बर २ को राप्लामा र अपिहिमाल गाउँपालिकाको ६ मा रहेको छ ! छाङरु बस्ने लाई छङर्याल,तिङकर बस्नेलाई तिङकरी र राप्लाका शौका समुदाय पहिला ञथिभ्रुभन्ने ठाउँमा बस्ने हुनाले थियाल भन्ने गरेकाछ्न ! शौका समुदायमा पनि वडा नम्बर १ र २ मा बस्ने शौका समुदायको आ-आफ्नै संस्कृती छ ! राप्लाका शौकाहरुको मुख्य पर्वका रूपमा किर्जे पर्व रहेको छ ! किर्जे पर्वको आफ्नै ऐतिहासिक महत्त्व रहेको छ किर्जे लाई ब्याँसीहरुले कंडाली मेला पनि भन्छन् !

यस राप्ला गाउँका ब्यासीहरुले बाह्र बर्षे किर्जे पर्व भव्यताका साथ मनाउने गर्दछ्न । प्राय ब्यासीजातीहरुले यसलाई कंडाली भन्ने गर्छन् । उनिहरुको मातृभाषामा किर्जी एकप्रकारको झाडी घासको नाम हो ।

उक्त किर्जे(कंडाली) घाँस प्रत्येक बर्ष एक एक आख्लाका दरले वृद्धि हुँदै गएर १२ बर्षमा बाह्रौं आख्ला पुगेपछि फुल फुल्ने गर्दछ । यसको फुल बैजनी रंगको फुल फुल्ने किर्जे बिषालु पनि हुने भनाई छ । किर्जे घाँस एक वेसाहरा महिलाको शरीरमा बिझाउदा लामो समयसम्म घाउ सन्चो नभएर पिडाले छट्पटीएर मृत्यु भएको र घाउको उपचारको लागी विभिन्न औषधि प्रयोग गरि ज्योतिषले छारफुक गर्दा समेत सन्चो नहुदा गाउँमा महामारी आउने संकटले गाउँका लामा तथा ठुलाबडाको सल्लाह अनुसार सबै मिलेर किर्जे घाँस फुल्नेबेला काटेर बैरिको अन्त्य गरि विजय उत्सवको रूपमा मनाउन थालिएको हो । किम्बदन्ती अनुसार किर्जे घाँसले प्रौढ महिला माथी मात्रै आक्रमण गर्ने हुँदा किर्जे काट्न जादा पुरुष भन्दा पनि महिलाहरू अगाडि लाईनमा गएर घाँस संगको लडाईमा नेतृत्व लिनुपर्ने मान्यता छ ।

किर्जे फुल्ने बर्षमा गाउँमा सबै महिला र पुरुषले एक निश्चित दिन तोकेर सो दिन आफ्ना छिमेकी गाउँका ईष्टमित्र साथिभाईलाई निमन्त्रणा गरि महोत्सवका रूपमा भव्यताका साथ किर्जे पर्व बनाउने गर्दछ्न ।

यो पर्वको दिन गाउँलेहरुले सरसफाइ बाहेक अन्य काम गर्न नहुने परम्परा रहेको छ ।

किर्जे पर्वको दिन बिहानै देखि प्रत्येक घरका महिला र पुरुषहरु आआफ्नो परम्परागत भेषभुषा र गहनाहरुमा श्रृङ्गारिने गर्छन् । त्यसपछि किर्जे संगको लडाईको लागी पुरुषहरु ढाल,तरवार र महिलाहरुले हसिया र रिल (गलैंचा,चुट्का बुन्दा प्रयोग गरिने तरवार जस्तै काठको हतियार) हातहातमा समातेर किर्जे फुल्ने एउटा निश्चित ठाउँमा बाजागाजा सहितजाने गर्छन् । यसरी जानेबेलामा सबैभन्दा अग्रपंक्तिमा धामी,त्यसपछि गाउँका बुढा,मुखिया र त्यसपछि गाउँका अन्य महिला पुरुषहरु लाईन लागेर नाच्दै बन्दुक पड्काउदै गएर किर्जेको बोटलाई तरवार ले काटेर त्यसलाई सबै जनाले आआफ्नो हातमा बोकेर बाजागाजा सहित घरमा ल्याउने गर्दछ्न ।

गाउँका मुखियाको घरको आगनमा किर्जेको बोटलाई अचानोमा राखी सबैले चारैतिर घुम्दै तरवार,हसियाले त्यसमाथि प्रहार गर्दै नाज्ने गर्दछ्न । किर्जेको बोटलाई दुश्मनको रूपमा हेर्ने समुदायको परम्परागत मान्यता रहेको हुँदा आज हामीहरूले यसलाई मार्यौं,काट्यौ अब उप्रान्त तिमिले उम्रनु पर्दैन भन्दै किर्जेको बिषालु शक्ति माथी बिजय प्राप्त गरेको उत्सवको

बाकि पेज ५

# माननीय ज्यु मेयर/पालिका अध्यक्ष बन्नु ४० करोड बजेट चलाउन पाईन्छ

✍ दिपक खाती

नागरिक ले कानुन निर्माणका लागि निर्वाचित गरेर पठाएका सांसदहरुले निर्वाचन क्षेत्र बिकास कार्यक्रम का लागि आजभन्दा ५ बर्ष अगाडि आर्थिक बर्ष २०७५/०७६ को बार्षिक बजेट भाषणको पुर्वसन्ध्यामा दार्चुला जिल्ला बाट निर्वाचित संघिय सांसद गणेश सिह ठगुन्नाले २० करोड रुपैया छुट्टयाउनु पर्ने भन्दै संसदमा बोलेपछी मैले मेरो फेसबुक वालामा स्टाटस लेखे माननीय ज्यु २० करोड चलाउने मन भए सांसद होईन मेयरको चुनाव लड्नु ४० करोडको बजेट चलाउन पाईन्छ। त्यतिबेला एमालेका साथीहरूले मेरो स्टाटसमा मलाई तथानाम गालिगलौच गरेर कमेन्ट गरे तर मैले कुनै कमेन्टमा प्रतिक्रिया जनाएन मैले जसले जति जानेको छ,जसले जति बुझेको छ त्यति बोल्छ भनेर चित्त बुझाए ।

चौतर्फी आलोचना भईरहेको सांसद बिकास कोष कार्यक्रम बिगतको बर्षमा रोकिएपनि यस बर्षको बजेटमा प्रति निर्वाचन क्षेत्रमा ५ करोड बजेट बिनियोजन गर्ने गरि सांसद बिकास कोष कार्यक्रम पुन:लागु गरिएको छ । यो बर्ष सरकारले देशको आर्थिक अवस्था ओरालो लागिरहेको भनेर अर्थतन्त्रको सुधार गर्न अनावश्यक,फजुल खर्च कटौती गर्ने भनेर बजेट व्यक्तमा समेट्दा कानुन बनाउने जिम्मेवारीमा रहेका सांसदलाई ठेकेदार बनाउने गरि सांसद बिकास कार्यक्रम किन लागू गरियो ? देश संघीयतामा गइसके पछि स्थानीय सरकार र प्रदेश सरकारले काम थालिसकेको अवस्थामा पनि सांसदहरुको बिकास रकम प्रति यो आसक्ति असोभनिय छ। नीतिनिर्माण र सार्वजनिक सरोकारका बिषयमा बहस गर्ने तथा सरकारलाई आवश्यक दिशानिर्देश गर्नुपर्ने मुल दायित्व सांसदहरुले बिकास कार्यक्रम संन्चालन गर्ने भुमिकामा स्थानीय जनप्रतिनिधि र प्रशासनिक संरचना क्रियासिल तथ्यलाई भुल्नु हुदैन। बिकास रकम प्रतिको अनावश्यक मोहले जनस्तरमा सांसदहरु कर्तव्यच्युत भएको सन्देश मात्रै गइरहेको छैन उक्त पैसा खर्चको बिषयले सांसदपद लाई नै बिबादास्पद बनाइरहेको छ ।

त्यसैले सांसदले बजेट माग्न रोक्नुपर्छ र सरकारले दबाबमा आएर बजेट छुट्टयाउनु हुदैन। विगतका बर्षमा पुर्वाधार विशेष कार्यक्रम बाहेक पनि हरेक सांसदले निर्वाचन क्षेत्र बिकास कार्यक्रमका लागि ५०लाख पाउने ब्यवस्था थियो। यो रकम भने निर्वाचित बाहेक समानुपातिक र मनोनीत सांसद ले पनि पाउथे यस्तो रकमको सहि सदुपयोग समेत भएको छैन भने महालेखा परिक्षकले बर्सेनि ठुलो परिणाममा बेरुजु निकाल्दै आएको थियो र कतिपय सांसदहरुले आफू वा परिवारका सदस्य,संलग्न संस्था र कार्यकर्ता लाई आफू खुसी योजना बाड्ने गरेको विगत छ। चौतर्फी बिरोध भएको यो कार्यक्रम खारेजीका लागि अहिले कुनै पनि दल बोल्दैन न काङ्ग्रेस न कम्युनिस्ट न नयाँ दलहरू । कानुन बनाउने दायित्व भएका सांसदहरुको मुल जिम्मेवारी पैसा बाड्ने र योजना कार्यान्वयन गर्ने होइन भन्ने उनीहरुलाई थाहा नभएको पक्कै होइन र पनि किन सांसद ब्यस्थापक बन्न चाहिरहेका छन। खुद्रे बिकास र कार्यक्रमका लागि किन मरिहत्ते गरिरहेका छन् ? सांसदको काम भनेको निति निर्माण गर्ने,जनताको आवाज सरकारलाई सुनाउने र सरकारलाई जनताप्रति उत्तरदायी बनाउने हो। संसद बैठकको बेला प्राय धेरै सांसद बैठकमा उपस्थित हुदैनन् उनिहरुका कुर्सी खालीनै हुन्छ। यसरी सांसदहरु आफ्नो जिम्मेवारी बाट भागेर कार्यपालिकाजन्य यी कार्य गर्न स्थानीय सरकार छ भन्ने उनिहरु किन मनन गर्दैन किन उनिहरु शक्तिपृथकिकरण प्रतिकुल हुने गरि कार्यपालिका को छायामा पर्न चाहन्छ । यी ज्वलन्त प्रश्ननको उत्तर सहज छ यो मोटो रकम परिचालन बाट उनिहरु भोटको राजनीति गर्न चाहन्छन । यसरी योजना बजेट र कम मागेको देख्दा लाग्छ यी सांसद होइन वडा अध्यक्ष हुन् । यिनिहरुले भोट माग्दा मतदाता सङ गरेका बाचा सम्झिने हो भने ठ्याक्कै त्यस्तै झल्को पाउछौ। यदि योजना बाड्ने मन छ भने किन सांसद हुनु पर्यो किन सांसदको चुनाव लड्नु पर्यो वडा अध्यक्ष वा गाउँपालिका,नगरपालिका को प्रमुखको चुनाव लडे भै हाल्यो त मज्जाले ४०/५० करोड चलाउन पाइन्छ ।

## अपी नाम्पा संरक्षण क्षेत्र भित्र गर्न नहुने क्रियाकलापहरु:-

१. वन्यजन्तुको शिकार गर्न वा गराउन, वा आखेटोपहार ओसार पसार गर्नर २. जग्गा अतिक्रमण गर्न, ३. रुख, बिरुवा, झाडी वा अन्य कुनै वनपैदावार काट्न, ढाल्न, हटाउनर ४. आगो लगाउन वा अरु कुनै प्रकारले हानी नोक्सानी पुर्‍याउन, ५. ढुङ्गा, गिट्टी बालुवा संकलन गर्न, ६. वनपैदावार वा वन्यजन्तु, पंक्षी वा जग्गालाई क्षति पुर्‍याउन, ७. हातहतियार खर खजाना वा बीष साथमा लैजान वा प्रयोग गर्न गराउन, ८. संरक्षण क्षेत्र भित्र बग्ने नदी, खोला वा पानीको कुनै स्रोत थुन्न, फर्काउन वा त्यसमा कुनै बिस्फोटक वा हानिकारक पदार्थहरु प्रयोग गर्न गराउन ।

**नोट:- माथि लेखिएका गतिबिधि गर्ने गराउनेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम कार्वाही हुनेछ ।**

# कृषि ऐन छिट्टै लागू हुन्छ : कृषि मन्त्री भुसाल

सिद्धटोपी खबर
*काठमाण्डौ साउन १४ ।*

कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसालले कृषिका लागि मुख्य कानुन आवश्यक रहेको भन्दै त्यसको मस्यौदा तयार भएको बताएका छन् ।

कृषि ऐनको मस्यौदा तयार भएको र यसको बारेमा छलफल जारी रहेकोले चाँडै टुङ्गो लाग्ने उनले बताए । ऐनलाई छिटो छिटो अगाडि बढाएर सांसदबाट पारित गराएर कार्यान्वयनमा ल्याउनुपर्ने उनको भनाइ थियो ।

कानुन आवश्यकता अनुसार संशोधन गर्न सकिने भएकाले यसमा आआफ्नो सुझाव दिएर सहयोग गर्न उनले आग्रह गरे । खाद्यका लागि कृषि अभियानले आयोजना गरेको एकीकृत कृषि ऐनको आवश्यकता बारे प्रारम्भिक छलफल कार्यक्रममा उनले यस ऐनको बारेमा प्रदेश पनि छलफल भइरहेको बताए ।

बाँकी रहेका विषयमा संसद्मा छलफल हुने बताउँदै उनले मन्त्रीपरिषद्बाट पारित गराएर चाँडै नै संसद्मा लैजाने बताए । यस ऐनको २०७६ सालमा पहिलो ड्राफ्ट तयार गरिएको थियो ।

# ओलीको आरोप- सरकारको मिलेमतोमा सुन तस्करी भइरहेको छ

सिद्धटोपी खबर
*नेपालगन्ज, साउन १३ गते ।*

एमाले अध्यक्ष केपी ओलीले मिलिजुली खान गठबन्धन सरकार बनेको आरोप लगाएका छन्। एमालेले नेपालगन्जमा आयोजना गरेको लुम्बिनी प्रदेशस्तरीय दुईदिने प्रशिक्षण कार्यक्रममा शनिबार उनले अहिलेको सरकारबाट भ्रष्टाचार निवारणको कल्पना गर्न नसकिने जिकिरसमेत गरे । ओलीले अहिलेको गठबन्धन सरकारलाई गन्तव्यविनाको यात्रीको संज्ञा दिए । ‘अहिलेको सरकारको न कुनै गन्तव्य छ, न त के काम गर्ने नीति र उद्देश्य छ,’ उनले भने, ‘यो सरकार मिलिजुली, बाँडिचुँडी खानका लागि बनेको हो ।

यो सरकारबाट आशा गर्नुको कुनै अर्थ छैन ।’ सरकारको संलग्नता र संरक्षणमा सुन तस्करी भइरहेको आरोप लगाउँदै उनले अन्तर्राष्ट्रिय एयरपोर्टबाट एक क्विन्टल सुन छिराउने चानचुने कुरा नभएको बताए । ‘बाहिरी देशबाट आएकाहरू एयरपोर्टको अत्याधुनिक मेसिन र तालिम प्राप्त मान्छेले जाँच गरेपछि मात्र बाहिर आउन पाउँछन्। सर्वसाधारणले एउटा सियो छिराउन नसक्ने ठाउँबाट एकैसाथ एक क्विन्टल सुन छिर्नु सामान्य कुरा होइन । सरकारको संलग्नता र संरक्षणविना यो सम्भव हुने कुरै भएन,’ उनले भने, ‘सय केजी सुन भित्रिएकोबारे जाँचबुझ गर्न उच्चस्तरीय जाँचबुझ समिति गठन गरेर वास्तविक कुरा बाहिर ल्याउनुपर्छ । नत्र एमालेले सदन र सडक तताउनेछ ।’

पूर्वप्रधानमन्त्रीसमेत रहेका ओलीले एक क्विन्टल सुन भित्र्याउन सघाउने गृहमन्त्रीले तत्काल राजीनामा दिएर अनुसन्धानलाई सघाउनुपर्ने धारणा राखे । उनले सुन भित्रिनुमा गृहमन्त्री मुख्य दोषी भएको औँल्याए । ‘नैतिकता भएको भए सुन बरामद भएकै दिन गृहमन्त्रीले राजीनामा दिनुपर्थ्यो । तर, उहाँले लाजसरम नमानेर घटना ढाकछोप गर्दै उल्टै विपक्षीलाई गाली गर्ने र बदनाम गर्दै हिँडिरहनुभएको छ । लाजसरम छ भने गृहमन्त्रीले तत्काल राजीनामा दिनुपर्छ,’ उनले भने । ओलीले सुन तस्करीबारे प्रश्न उठाउनेलाई झुटा आरोप लगाएर फसाउन खोजेको बताउँदै सरकार वाक्स्वतन्त्रताविरुद्धमा लागेको जिकिर गरे । कांग्रेस बूढो भइसकेको बताउँदै उनले ऊसँग भिजन, मिसन केही नभएको आरोप लगाए । ‘एकादेशमा बाघ बूढो भएपछि बाँच्नका लागि स्यालसँग मित साइनो लगाएको थियो । अहिले कांग्रेस आफ्नो अस्तित्व जोगाउन माओवादी, एकीकृत समाजवादी, जसपालगायत दलसँग साइनो गाँसेर अगाडि बढेको छ,’ उनले भने, ‘अब कांग्रेसबाट देश विकास हुन्छ भन्ने आशा गर्नु बेकार छ ।’ माओवादीको अस्तित्व समाप्त भइसकेको ओलीले ठोकुवा गरे । उनले एमालेले माओवादीलाई सरकारमा पुऱ्याएको बताउँदै माओवादीलाई बाटो बिराएको बटुवाको संज्ञा दिए ।

‘माओवादी लोकतन्त्रको बाटो समात्न नसकेको, असफल, गैर जिम्मेवार र भ्रष्टाचारमा लिप्त पार्टी हो । यो पार्टीको न स्पष्ट सिद्धान्त छ, न त नीति नै छ,’ उनले भने । ओलीले एमालेविरुद्ध देशका सबै पार्टी एकजुट भए पनि केही बिगार्न नसकेको दाबी गरे । ‘एमालेलाई हराउन निर्वाचनमा महागठबन्धन गरे । एमालेलाई एक्ल्याउन सबै दल मिलेर सरकार बनाए,’ उनले भने, ‘एमालेलाई कमजोर बनाउन नसकेपछि बहुमत ल्याउन दिएनौँ भनेर खुसी मनाउनेहरू पनि देखिए ।’ उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेललगायतका नेताले प्रशिक्षण दिने उक्त कार्यक्रममा लुम्बिनी प्रदेशका १२ जिल्लाका नेता-कार्यकर्ताको सहभागिता छ ।

***कर्जे पर्व.................................***

रूपमा यो पर्व मनाईने गरिन्छ । उक्त दिन प्रत्येक गाउँलेहरुले आआफ्नो घरमा दियोबत्ती बालेर उत्सव मनाउने चलन छ । यो किर्जे मेलामा सहभागी सबैजनाले किर्जे फुलेको ठाउँ सम्म जादा र त्यसबाट फर्केर घरमाआउँदा धेरै होसियारी अपनाउनु पर्दछ। यदि कुनै कारणबस महोत्सवमा जादा आउँदा कुनै मान्छे चिप्लेर लड्यो या कसैको खुट्टामा चोट लाग्यो भने सो व्यक्तिको हार र किर्जेको जित भएको मान्ने जनविश्वास भएका कारण होसियारी अपनाउने गरिन्छ र किर्जे संग हारेको मान्छेको केही समयमै मृत्यु हुने विस्वाससमेत रहेको छ ।

यसरी पर्वको कार्यक्रम सम्पन्न भए पश्चात् भोजभतेर तथा विभिन्न सांस्कृतिक कार्यक्रमहरु गरि २/३ दिन सम्म धुमधाम साथ महोत्सव मनाउने गरेको पाईन्छ । यस महोत्सवमा छिमेकी गाउँ तथा टाढाबाट आएका पाहुनाहरुलाई सबै गाउँलेहरु मिलेर खाने र बस्नका लागि व्यवस्था मिलाउने गर्छन् ।

*किर्जी परम्परा ।*

-----

लडाईका लागि प्रस्थान गर्नु भन्दा पहिले शुभ साईतको लागि देविदेवता लाई फुलपाती चढाएर सोकनाथ पुजा गरिन्छ । पुरुष भन्दा महिलाको भुमिका रहने घाँस संगको लडाईमा सावधानी पुर्वक लड्नुपर्ने हुन्छ । घाँस काट्दा या नाङ्गै हिड्दा कोहि व्यक्ति चिप्लियो भने हार मानिने साथै अर्को मेलासम्म चिप्लिने व्यक्तिको मृत्यु हुन्छ भन्ने धार्मिक मान्यता रहेको छ। किर्जी संगको लडाईमा नाच्दै गएर फर्किए सम्म कसैले पनि बाटो काट्न दिईदैन । लडाईको लागी प्रस्थान गर्दा जेष्ठताका आधारमा श्रेणिवद्व भएर लाईनमा नाच्दै अगाडि बढ्छन ।

अगाडिबाट बन्दुक बोकेका युवाहरूको सुरक्षामा पहिलो पंक्तिमा लामा,बडा,सेना अनी उहाहरुका श्रीमती त्यसपछि अन्य महिलाहरू र अन्त्यमा पुरुषहरुको स्थान हुन्छ । किर्जी घाँस भएको ठाउँमा नाच्दै पुगेपछि बन्दुकको आक्रमण संगै बाजाको तालमा पुरुषहरुले तरवाल तथा महिलाहरुले हसियाले घासलाई काट्ने गर्छन् । काटिसकेको घासलाई प्रत्येकले एकएक मुठा हातमा लिएर नाच्दै आगनसम्म पुगाउछन र सबैले उक्त घासलाई आगनको बीच मुढामाथी राखेर बाजाको तालमा नाच्दै टुक्राटुक्रा गर्न थाल्छन् । सबैभन्दा पहिले लामा,बडा,र सेनाले नाच्दै टुक्रा पारेपछि अन्य युवा तथा वृद्धहरुले एकल तथा सामुहिक नृत्य प्रस्तुत गर्दै घासलाई टुक्राटुक्रा पार्छन् । यसरी किर्जी संगको लडाई जितिसकेपछी बडा र सेनाको आगमन गएर लोकनाथ पुज्ने गरिन्छ ।

गर्भवती महिलाले स्वास्थ्य संस्थामा गई बच्चा जन्माए आमा र बच्चा दुवैको स्वास्थ्य सुरक्षित हुन्छ । साथै आवतजावत खर्च बापत ३ हजार रूपैयाँ पनि पाईन्छ । त्यसैले स्वास्थ्य संस्थामा मात्र बच्चा जन्माऔं, आमा र बच्चाको खतरा हटाऔं ।

वन संरक्षण गरौं, भूक्षय हुनबाट जोगाऔं-
डिभिजन वन कार्यालय
दार्चुला

बासी सडेगलेका खानेकुराहरु नखाऔं, स्वस्थ र निरोगी बनौं
।
ब्याँस गाउँपालिका स्वास्थ्य शाखा
सुन्सेरा दार्चुला

# शैल्यशिखरमा कामबिनै योजनाको भुक्तानी, साउनमा काम हुँदै

सिद्धटोपी खबर
*दार्चुला, साउन ११ गते ।*

जिल्लाको शैल्यशिखर नगर पालिका वडा नम्बर ६ ग्वानीमा २ योजनाको कामबिनै फरफारक गरिएको पाईएको छ । वडा नम्बर ६ अन्तर्गत ग्वानीको तेकते पिसीसी बाटो निर्माणको काम नगरी ४ लाख भुक्तान भएको पाइएको हो । उपभोक्त समितिका अध्यक्ष इन्द्र सिंह धामी (नवीन) लाई यो विषयमा बुभ्दा हिजो बाट काम सुरु गरेको र अबको केहि दिनमै काम सम्पन्न गर्ने बताए ।

उपभोक्ता समितिका अध्यक्ष ईन्द्र सिंह धामी (नवीन) शैल्यशिखर नगरपालिकाका नगर प्रमुख विजय धामीका स्वकीय सचीव समेत हुन । त्यस्तै सोही वडाको कफलखेत पिसीसी योजनाको पनि पुर्ण काम नगरी रकम भुक्तानी गरेको पाइएको छ ।

५ लाख पचास हजारको पिसीसी निर्माण बाटो प्राबिधिक मुल्यांकन भन्दा थोरै मात्र सोलिङ गरेको र पिसीसी नगरीकन नगर पालिका बाट भुक्तानी भएको स्थानियको आरोप छ। उपभोक्ता समितिका अध्यक्ष मदन धामीका अनुसार बाटो निर्माण भईसकेको र प्राबिधिक मुल्यांकन अनुसार ३ लाख ५० भुक्तानी पाएको जानकारी दिए । नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुरेन्द्र बहादुर बिष्टलाई यो विषयमा बुभ्दा आफू धनगढी रहेको र बुभ्ने प्रयास गरिरहेको बताए। फिल्डमा प्राविधिकहरु जाने भन्दै प्राविधिक मुल्याङकनका आधारमा योजना भुक्तानी भएको जानकारी दिए । शैल्यशिखर नगर पालिकाका प्राविधिकका अनुसार दुबै योजनाको भुक्तानी भईसेको बताएका छन । योजनाको लागि सुरुमा सम्फौताका लागि वडा बाट सिफारिस लैजानु पर्ने हो तर यि २ योजनाको वडाबाट कुनै पनि सिफारिस नभएको वडा सचिव मनोहर धामीले जानकारी दिए ।

# दार्चुलामा आयोडिन नुनको खपत बढ्दै

सिद्धटोपी खबर
*दार्चुला, साउन ९ गते ।*

पछिल्लो समय आयोडिन नुनको खपत बढ्न थालेको छ। केही वर्ष पहिलेसम्म दार्चुलाको ग्रामिण तथा बजार क्षेत्रमा भारतीय बजारबाट आयात गरिने ढिके नुनको अत्यधिक प्रयोग हुने गरेकोमा पछिल्लो समय आयोडिन नुनको प्रयोग तथा बिक्री वितरण बढेको हो ।

दार्चुलामा खलंगा र गोकुलेस्वर गरी आयोडिन नुनका दुई डिपो र हेका छन भने व्यास, दुहु, अपिहिमाल र मालिकार्जुनमा साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडको बिक्री केन्द्र स्थापना गरिएका छन्। बिक्री केन्द्र स्थापना भएसँगै जिल्लामा आयोडिन नुनको बिक्री वितरण र प्रयोग दर बढ्दै गएको साल्ट ट्रेडिङ डीपो कार्यालय दार्चुलाका कार्यालय प्रमुख प्रेम सिंह कुँवरले बताए। उहाँका अनुसार महाकाली नगर पालिका९४ खलंगामा रहेको बिक्री डिपोबाट आर्थिक वर्ष २०७९/८० मा २ हजार ८ सय २ क्वीन्टल पचास किलोग्राम बिक्री भएको छ ,भने गत आर्थिक बर्षमा खलंगा डिपो संग ३ हजार ५ सय ४६ क्विन्टल ५० किलोग्राम नुन मौज्दात रहेकोमा हाल बिक्री भएर ७ सय ४४ क्विन्टल मात्रै मौज्दात रहेको छ ।

त्यस्तै शैल्यशिखर नगर पालिकामा रहेको गोकुलेश्वर डिपोमा आर्थिक वर्ष २०७९/८० मा ३ हजार ७ सय ८० क्विन्टल मौज्दात रहेकोमा २७ क्विन्टल बिक्री भएको छ। हाल गोदाममा १ हजार ८० क्विन्टल मौज्दात रहेको गोकुलेश्वर डिपो प्रमुख लक्ष्मण सिंह धामीले जानकारी दिए।

# शैल्यशिखर नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत विष्टविरुद्ध २६ लाखको भ्रष्टाचार मुद्दा

सिद्धटोपी खबर
*दार्चुला, साउन ११ गते ।*

जिल्लाको शैल्यशिखर नगर पालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्रबहादुर विष्टविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ मा पनेबाज-बन्तोली-बगौरा सडक खन्ने कार्यमा फिल्डको वास्तविक तथ्य बँग्याइ कटिङ गर्दा बढी दररेट रहेको 'हार्ड रक' उल्लेख गरेर २६ लाख रुपैयाँ अतिरिक्त भुक्तानी गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बिहीवार विशेष अदालतमा मुद्दा दायर गरेको हो । 'सडक खन्ने कार्यमा फिल्डको वास्तविक तथ्य बँग्याइ कटिङ गर्दा बढी दररेट रहेको Hard Rock (कडा चट्टान)को परिमाण अस्वाभाविक रूपमा बढी मूल्याङ्कन गरी नापी किताबमा चढाई हस्ताक्षर गरी निर्माणस्थलमा भए/गरेको कार्यभन्दा बढी तथा साइटमा नगर े/नगराएको परिमाणको झुट्टा बिल भरपाइ तथा कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरी रु. २६,०२,५५६।११ बढी भुक्तानी दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर गरेको देखिँदा निज सुरेन्द्रबहादुर विष्टलाई रु. २६,०२,५५६।११ (छब्बीस लाख दुई हजार पाँच सय छपन्न रुपैयाँ र पैसा एघार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी सोही दफा बमोजिम बिगो रकम असुल उपर हुन समेत माग दाबी लिइएको छ ।'

अख्तियारका प्रवक्ता भोला दाहालले मुद्दा दायर भएकोबारे रिटमार्फत जानकारी गराएका हुन्। विष्ट अहिले पनि निमित्त प्रमुख प्रशासकीय अधिकृतकै रूपमा कार्यरत छन् ।

# अपि हिमालमा जन श्रमदानबाट बाटो निर्माण

सिद्धटोपी खबर
*दार्चुला, साउन ११ गते ।*

जिल्लाको अपिहिमाल गाउँपालिका वडा नम्बर ०४ मा रहेको मरखोला आधारभूत विद्यालयको गेट नजिकै रहेको खोला छेउमा जनश्रमदानबाट बाटो निर्माण गरिएको छ ।

बिहिवार गाउँपालिका उपाध्यक्ष देवकी बोहराको नेतृत्वमा गाउँपालिकाका अन्य कार्यपालिका सदस्य तथा मरखोला विद्यालयका शिक्षक कर्मचारीहरुको संयुक्त टोलिले , ८ घण्टा श्रमदान गरि ५० मिटर जतिलामो बाटो निर्माण गरेका हुन । बाटो बर्षातको समयमा खहरे खोला आइ विद्यार्थीहरुलाई हिड्न असहज हुने भएकोले जनश्रमदानबाट निर्माण गरिएको गाउँपालिका उपाध्यक्ष बोहराले जानकारी दिए । बाटो निर्माण भएपछि विद्यालय र नजिकको बासीलाई आवतजावतमा सहज हुने अपि हिमाल सहकर्मी भकत सिह धामीले जानकारी दिए ।

# ठूला मिटरब्याजीविरुद्ध ललितपुर प्रशासनले थाल्यो कारबाही

सिद्धटोपी खबर
*ललितपुर, साउन १४ गते ।*

अनुचित लेनदेन (मिटर ब्याज)को आयोग गठन भएलगत्तै ललितपुरमा मात्र दुई सयभदा बढी मिटरब्याजपीडितले उजुरी दिएका थिए । ललितपुर जिल्ला प्रशासन कार्यालयमा उजुरी दिनेमा देशकै सबैभन्दा ठूलो मुद्दा देउराली सहकारीका अध्यक्ष रवीन्द्र चौलागाईंले दर्ता गराएका थिए। उनले १५ जना मिटर ब्याजीविरुद्ध पाँच अर्ब ४० करोडबराबरको मुद्दा ०८० असार १२ गते जिप्रका ललितपुरमा दर्ता गराएका थिए ।

सो मुद्दामा ०८० साल असार २५ गतेदेखि छानबिन सुरु भएको थियो। छानबिन सुरु भएलगत्तै दुईजना मिटरब्याजीले चलनचल्तीभन्दा बढी लगेको ब्याज फिर्ता गरेको मिटरब्याजीपीडित चौलागाईले बताए । उनले उजुरी दिएकामध्ये बाँकी १३ जनासँग ठूलो कारोबार भएको कारण छानबिन गर्न समय लागेको बताए। चौलागाईंले दर्ता गरेको मुद्दामा सबैभन्दा धेरै कारोबार पुल्चोकका रोविन महर्जनसँग भएको पाइएको छ। उनीसँग करिब चार अर्ब कारोबार भएको चौलागाईंको दाबी छ। विवरण हेर्दा रोविन महर्जनले चौलागाईंलाई दिएको कारोबार ६० करोड छ भने उनले चौलागाईंसँग चार अर्बबराबर बैंकमार्फत लिएको देखिएको छ ।

सामान्य जग्गाको कारोबार गर्ने रोविन महर्जनको तीन वर्षयता करिब ६ अर्ब सम्पत्ति थुप्रिएको स्रोतको दाबी छ । मिटरब्याजीपीडितका अनुसार रोवनको ललितपुर सैबु भैंसेपाटी आवासभित्र तीनवटा घर, करिब ५० करोड मूल्यबराबरको सातदोबाटोमा २० आनामा आलिसान घर, करिब ३० करोडको बी एन्ड बी अस्पतालसँगै १७ आना जग्गा, २५ करोडबराबरको फम्सीखेलमा २३ आनामा आलिसान दरबार (जो ५५ करोडभन्दा बढीको छ, जहाँ उनी आफैं बस्ने गरेका छन् ), फम्सीखेल डिएभी स्कुल मेनरोडमा २५ आनामा करिब ६० करोडको जग्गा, बखुन्डोल चैतन्य स्पा ३२ आनामा करिब ५० करोडको स्पा, सानेपामा १० आना जग्गा, इमाडोलमा १० आना जग्गामा घर छ । उनको व्यापारका नाममा सम्राट मार्केटिङ नाम गरेको छोराको नाममा कम्पनीसमेत छ। उक्त कम्पनीमा माछापुच्छ्रे बैंकले चार करोड कर्जा दिएको छ। रोविन महर्जनको पुच्चः नाम गरेको सहकारी पनि छ ।

कुमारीपाटी पञ्चशील सहकारी, ज्योतिपुञ्ज सहकारी, पुच्चः सहकारीमा उनले ठूलो कारोबार गरेको देखिन्छ । जिल्ला प्रशासन कार्यालयले रोविनको सबै कारोबार मागिसकेको छ। उनको बैंक र सहकारी गरेर करिब सात अर्बजतिको कारोबारको कागजपत्र फेला परेको प्रशासन कार्यालयले जनाएको छ। यस्तै, ०८० सालमा समस्यामा परेको गुडविल सहकारीका अध्यक्ष दिवाकर श्रेष्ठ अहिले जेलमा छन्। उनको नाममा पनि कारोबार देखिएका कारण उनलाई बयान दिनका लागि जिप्रका बोलाइएको थियो ।

# अहिले कांग्रेस सङ्लिने र तङ्गिने वेला हो : महामन्त्री शर्मा

सिद्धटोपी खबर
*काठमाडौं, साउन १३ गते ।*

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले अहिले पार्टी सङ्लिने र तङ्गिने वेला भएको बताएका छन् । शनिबार नेपाली कांग्रेस काठमाडौं ९(क) प्रदेशको सम्मेलनमा उनले भने, 'नेपाली कांग्रेस सङ्लिने र तङ्गिने वेला पनि हो। आज आफैँले आफैँसँग प्रतिस्पर्धा गर्ने वेला हो। अरूसँग पछि प्रतिस्पर्धा गरौँला । सम्मेलनपछि क र ख का प्रदेश सभापतिहरूलाई महामन्त्री शर्माले पार्टीको सदस्यता र विभाग गठन विस्तारमा प्रतिस्पर्धा गर्न निर्देशन दिए। कांग्रेस मिसन ८४ भन्दै अहिले नै घोषणा गर्ने हतारोमा नरहेको उनको भनाइ थियो। ०८४ सालमा चुनाव मात्र हुने भएकाले अहिले कांग्रेसको मिसन काम गर्नुभएको महामन्त्री शर्माले बताए।

'बाह्रै मास चुनावको चिन्ता गरेर देश बन्दैन। राजनीतिक दलले एउटा पुस्ताको चिन्ता गर्छ। चुनावको चिन्ता गर्दैन। हामी आजको काम गरौँ। कांग्रेसले गरेका कामको प्रचार गरौँ,' उनले भने। देशमा सबै ठीकठाक नभए पनि केही बनेको छैन भन्ने कुरा पनि सत्य नभएको महामन्त्री शर्माले बताए।

वन संरक्षण गरौं, भूक्षय हुनबाट जोगाऔं-
डिभिजन वन कार्यालय दार्चुला

मिष्ट मालिका सञ्चार प्रा.लि. द्वारा प्रकाशित सिद्धटोपी खबर साप्ताहिकका लागि प्रबन्ध निर्देशक उमेश दत्त बडू सम्पादक : प्रेमवल्लभ जोशी, मुद्रणः भावना अफसेट प्रेस खलंगा, कार्यालयः दुहुँ-२ हिकिला, 9866444037.Email,Siddatopikhabar2078@gmail.com, वरिष्ठ सल्लाहाकार धनराज जोशी, मानसिह कार्की कार्यकारी सम्पादक :- प्रेमराज जोशी, बजारः-व्यवस्थापक नविन जोशी